२०७४ सालको ऐन नं. २

# चैनपुर नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सञ्चितकोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**

चैनपुर नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी, चैनपुर नगरसभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चैनपुर नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले .... गाउँपालिका सम्झनुपर्छ।

(घ) "नगरपालिका" भन्नाले चैनपुर नगरपालिका सम्झनुपर्छ।

(ङ) "सभा" भन्नाले चैनपुर नगरपालिकाको सभा सम्झनुपर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

**२. आर्थिक वर्ष २०७४।०७५ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः**

आर्थिक बर्ष २०७४।०७५ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३८,८०,३४,६७१। (अक्षेरूपी अठतीस करोड असी लाख चौतीस हजार छसय एकहत्तर रूपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१)यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त चैनपुर नगरपालिको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च

शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(४)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ । यदि खर्च गर्नु अघि स्वीकृति लिन सम्भव नभएमा खर्च भएपछि समर्थनको लागि सभामा पेश गर्नु पर्नेछ ।

अनुसूचि-१ (दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम निम्न बमोजिम हुनेछ :

| | | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| | गत वर्षको मौज्दात | ६५,७१,२७१। | | |
| | बित्तीय समानीकरण | १९,८६,५१,०००। | | |
| | • चालू खर्च | | ४,३१,६९,०००। | |
| | • पूँजीगत खर्च | | १६,०२,००,०००। | |
| | सशर्त अनुदान | १२,३९,८४,०००। | १२,३९,८४००० । | |
| | आन्तरिक श्रोततर्फ : | ५३,०२,०००। | | अनुमानित |
| | • चालू खर्च | | २१,२०,८००। | |
| | • पूँजीगत खर्च | | ३१,८१,२००। | |
| | सामाजिक सुरक्षा भत्ता | ४,६१,३४,४००। | ४,६१,३४,४००। | |
| | सडक बोर्ड | ३०,००,०००। | ३०,००,०००। | अनुमानित |
| | मालपोत रजिष्टेशन | २,४९,०००। | | अनुमानित |
| | जिल्ला समन्वय समितिबाट राजश्व बाँडफाड | २५,००,०००। | | अनुमानित |
| | प्रकोप व्यवस्थापन तथा विविध खर्च | | ४६,०२,२७१। | |
| | स्थानीय शासन तथा सामुदायिक विकास | १६,४३,०००। | १६,४३,०००। | |
| | **कूल जम्मा** | **३८,८०,३४,६७१।** | **३८,८०,३४,६७१।** | |